**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ जनवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** प्रधानमंत्री नरेन्द्र मोदीले एक सोशल मीडिया पोस्टमा ग्रीन आर्मी को उल्लेख गर्नुहुदै उनिहरुको प्रेरणादायक अग्रणी कार्यहरुको प्रशंशा गर्नुभयो।

**२.** सरकारले अंतरिक्ष अर्थव्यवस्था आगामी दशकमा आठ दशमलव चार बिलियन डॉलर बाट लगभग पांच गुना बढेर, 44 बिलियन डॉलर हुने बताएको छ।

**३.** २०२४ मा देशको कुल वार्षिक भूजल पुनर्भरणमा १५ बिलियन क्यूबिक मीटरको उल्लेख्य बृद्धि भएको छ|

**४.** मणिपुर सरकारले मुख्यमंत्री उद्यमिता सहायता योजना - CMESS अन्तर्गत जातीय हिंसाबाट विस्थापित मानिसहरूलाई 50,000 रुपैयाँसम्म ऋण उपलब्ध गराउनेछ।

**५.** हक्की इण्डिया लिगमा हिज हैदरावाद तूफ़ानले दिल्ली एसजी पाइपर्सलाई शूट-आउटमा ५-४ गोल अन्तरले पराजित गरेको छ।

**प्रधानमंत्री-ग्रीन आर्मी**

प्रधानमंत्री नरेन्द्र मोदीले हाम्रो देश प्रतिभाहरुको पावरहाउस रहेको, जो नवाचार अनि साहस प्रदर्शित गर्ने असंख्य प्रेरक जीवन यात्राहरु द्वरा भरपूर रहेको बताउनु भएको छ। प्रधानमंत्रीले हिज एक सोशल मीडिया पोस्टमा ग्रीन आर्मी को उल्लेख गर्नुहुदै उनिहरुको प्रेरणादायक अग्रणी कार्यहरुको प्रशंशा गर्नुभयो।वाराणसीको देवरा, रहेको ग्रीन आर्मी दृढ महिलाहरूको संगठन हो, जसले लागुऔषध दुरुपयोग र जुवाविरुद्ध सचेतना जगाउँछ। यो संस्थाले हरेक छोरीको जन्म उत्सव मनाउँछ र दाइजो प्रथा विरुद्ध लड्दछ। यो समूहको स्थापना र सञ्चालन चप्पल उत्पादन गर्ने कारखानाबाट सुरु भएको थियो र यहाँ बनेको पहिलो जोडी चप्पल प्रधानमन्त्रीलाई पठाइएको थियो। पछि प्रधानमन्त्रीको तर्फबाट यस समूहलाई प्रशंसा पत्र पठाइएको थियो र उनिहरुको कार्य प्रति गर्व व्यक्त गरिएको थियो।

****** ० ******

**मोदी सरकार - युवा**

केन्द्रीय सरकारले देशका युवाहरूलाई सशक्त बनाउन नवप्रवर्तन, सीप विकास, उद्यमशीलता र प्राविधिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले धेरै योजना र कार्यक्रमहरू सुरु गरेको छ। पछिल्लो १० वर्षमा नरेन्द्र मोदी सरकारले भारतका युवाहरूका लागि अवसरको नयाँ लहर ल्याएको छ। हाम्रो संवाददाताका अनुसार मोदी सरकारको तेस्रो कार्यकालको पहिलो एक सय दिनमा १५ हजारभन्दा बढी युवालाई सरकारी जागिरका लागि नियुक्ति पत्र जारी गरिएको छ।

****** ० ******

**जितेन्द्र सिंह-स्पेडेक्स**

सरकारले अंतरिक्ष अर्थव्यवस्था आगामी दशकमा आठ दशमलव चार बिलियन डॉलर बाट लगभग पांच गुना बढेर, लगभग 44 बिलियन डॉलर हुने बताएको छ। परमाणु ऊर्जा अनि अंतरिक्ष राज्य मंत्री डॉ. जितेन्द्र सिंह ले नयाँ दिल्लीमा संवाददाताहरु कुराकानी गर्नु हुदै प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा भारत अंतरिक्ष-बायोलॉजीमा अग्रणी हुना बताउनु भयो। उहाँले भन्नुभयो अंतरिक्ष क्षेत्रमा लगानी 2023 मा एक हजार करोड़ रुपिया सम्म पुगेको छ , जसबाट भारत वैश्विक स्तरमा अग्रणी बनेको छ। श्री जितेन्द्र सिंहले भारतको अन्तरिक्ष क्षेत्र एक महत्वपूर्ण विदेशी मुद्रा आर्जनकर्ताको रूपमा उभिएको कुरामा प्रकाश पर्नुभयो। विदेशी

उपग्रहहरुको प्रक्षेपण बाट अर्जित 22 करोड यूरो मध्ये 85 प्रतिशत पछिलो आठ वर्षमा अर्जित गरिएको हो।श्री जितेन्द्र सिंहले भन्नु भयो ISRO को स्पेडेक्स Spacedex मिशन एक अभूतपूर्व उपलब्धि हो, जसले भारतलाई अन्तरिक्ष डकिङ टेक्नोलोजीमा विश्वका अग्रणी देशहरु संग उभएको छ । स्पेस डकिङ सिस्टम गगनयान र भारतको स्पेस स्टेशन कार्यक्रमको पछिल्ला भागहरूमा प्रयोग गरिनेछ।

****** ० ******

**भूजल-रिपोर्ट**

२०२४ मा देशको कुल वार्षिक भूजल पुनर्भरणमा १५ बिलियन क्यूबिक मीटरको उल्लेख्य बृद्धि भएको छ भने भूमिगत पानी निकासी ३ बिलियन क्यूबिक मीटर घटेको छ । केन्द्रीय जल शक्ति मन्त्री सी.आर. पाटिलले हिजो २०२४ को लागि डाइनामिक ग्राउण्ड वाटर रिसोर्स एसेसमेन्ट रिपोर्ट जारी गर्नुभयो। यस प्रतिवेदन अनुसार कुल वार्षिक भूजल पुनर्भरण ४४६ बिलियन क्यूबिक मीटर भन्दा बढी भएको छ । सबै प्रयोगका लागि वार्षिक भूजल निकासी २ सय ४५ बिलियन क्यूबिक मीटर भन्दा बढी छ। प्रतिवेदनमा भनिएको छ कि उत्तर-पूर्वी राज्यहरूमा 100 प्रतिशत भूजल नमूनाहरू सिंचाईको लागि उत्कृष्ट श्रेणीमा छन्। यो मूल्याङ्कन केन्द्रीय भूजल बोर्ड र राज्य र केन्द्र शासित प्रदेशहरूद्वारा संयुक्त रूपमा गरिएको थियो।मन्त्रालयका अनुसार ब्लक, डिभिजन र तालुकमा रहेका ६ हजार ७ सय ४६ मूल्याङ्कन एकाइमध्ये ७३ प्रतिशतभन्दा बढी मूल्याङ्कन एकाइलाई सुरक्षित वर्गमा राखिएको छ भने लगभग तीन प्रतिशत मूल्याङ्कन एकाइलाई गंभीर श्रेणीमा राखिएको मन्त्रालयले जनाएको छ ।

****** ० ******

**स्वच्छ गंगा - परियोजना**

सरकारले राष्ट्रिय स्वच्छ गंगा मिशन अन्तर्गत उत्तर प्रदेशको चन्दौली र माणिकपुरको लागि 272 करोडको परियोजना स्वीकृत गरेको छ। राष्ट्रीय स्वच्छ गंगा मिशन-एनएमसीजी को 59ओ कार्यकारी समितिको बैठकमा हिज एनएमसीजीका महानिदेशक राजीव कुमार मित्तलको अध्यक्षतामा गंगा नदीको संरक्षण अनि पुनरुत्थानका लागी समर्पित विभिन्न परियोजनाहरुलाई स्वीकृत गरिएको छ । यी पहलहरूले नदी सरसफाई, दिगो विकास र वातावरणीय र सांस्कृतिक महत्वको संरक्षणलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेका छ। बिहारको बक्सरमा नदी संरक्षणमा महत्वपूर्ण कदम चाल्दै समितिले २५७ करोड रुपैयाँको महत्वाकांक्षी परियोजनालाई पनि स्वीकृत गरेको छ। यस पहलअन्तर्गत दैनिक ५ करोड लिटर क्षमताको अत्याधुनिक ढल प्रशोधन केन्द्र र सहायक संरचना निर्माण गरिनेछ ।

****** ० ******

**मणिपुर-संपार्श्विक मुक्त ऋण**

मणिपुर सरकारले मुख्यमंत्री उद्यमिता सहायता योजना - CMESS अन्तर्गत जातीय हिंसाबाट विस्थापित मानिसहरूलाई 50,000 रुपैयाँसम्म ऋण उपलब्ध गराउनेछ। यो घोषणा मुख्यमन्त्री एन. बिरेन सिंह हिज इम्फालमा गर्नु भयो। सरकारले यस योजनाअन्तर्गत लगभग ४ सय २६ विस्थापित मानिसहरुलाई उद्यमशीलतामा सहयोग पुर्याउन ऋण उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो । उहाँले यस योजना अन्तर्गत आर्थिक सहयोगका लागि आवेदन गर्न पनि आग्रह गर्नुभयो । सञ्चारकर्मीसँग कुरा गर्नुहुदै उहाँले सरकारको लगानीमा राज्यमा सफलतापूर्वक सञ्चालन भएका स्टार्टअपले हिंसापीडितलाई रोजगारी दिने बताउनुभयो । उहाँले त्यस्ता सातवटा स्टार्टअपहरू पहिचान भइसकेको र ४३२ विस्थापितलाई रोजगारी दिन तयार रहेको पनि बताउनुभयो । 'एक परिवार एक आजीविका' योजना अन्तर्गत लक्षित ५ हजार लाभार्थीलाई ३० प्रतिशत अनुदानमा १० लाख रुपैयाँसम्म ऋण उपलब्ध गराइनेछ । उहाँले हालसम्म ७ सय ४५ जना सर्टलिस्ट भएको र ९ जनालाई ऋण उपलब्ध गराएको बताउनुभयो । उहाँले युवाहरुलाई यस योजना अन्तर्गत आवेदन दिन र यसको लाभ लिन प्रोत्साहित गर्नुभयो।

****** ० ******

**अरूणाचल- सांस्कृतिक अध्ययन केंद्र**

अरुणाचल प्रदेशका मुख्यमंत्री पेमा खांडू ले हिज घोषणा गर्नु भएको छ स्वदेशी संस्कृति, आस्था अनि भाषाहरुको प्रचार, प्रलेखन, अनुसंधान अनि शिक्षाको लागी अमेरिका स्थित अंतर्राष्ट्रीय सांस्कृतिक अध्ययन केंद्र -आईसीसीएस को सहयोगमा राज्यमा

एक विश्वविद्यालय स्तरको संस्थान खोलिने छ। आईसीसीएस को अरुणाचल प्रदेशमा तल्लो दिबांग घाटीको रोइंगमा रिवॉच नामक एक केंद्र छ, जस्ले इदु मिश्मी संस्कृति अनि भाषा माथी दस्तावेजीकरण, संरक्षण, प्रचार अनि अनुसंधान गर्दछ। मुख्यमन्त्री खांडू ले इंडिजिनस फेथ एंड कल्चरल सोसाइटी ऑफ अरुणाचल प्रदेशको रजत जयंती समारोहको अवसरमा ईटानगरमा आईसीसीएस का संस्थापक प्रोफेसर यशवंत पाठक संग एक विशेष बैठक गर्नुभयो।

****** ० ******

**असम-आधार कार्ड**

असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माले हिज राज्यमा 9 लाख भन्दा बढी मानिसहरूले यस वर्ष आफ्नो आधार कार्ड पाएको बताउनुभएको छ, जसको बायोमेट्रिक्स राष्ट्रीय नागरिक रजिस्टर - NRC अपडेट गर्ने क्रममा लक भएको थियो। यो पहलबाट ती ९ लाख जनताले कुनै झन्झट बिना सबै सरकारी सेवाको फाइदा लिन सक्ने उहाँले बताउनु भयो । उहाँले आसामको विकासको लागि केन्द्र र राज्यमा भाजपाको डबल इन्जिन सरकारलाई श्रेय पनि दिनुभयो।

****** ० ******

**एनआईए-सजाय दर**

राष्ट्रिय अनुसन्धान एजेन्सी - NIA ले हिज 2024 को लागि रेकर्ड-ब्रेक उपलब्धिहरुको घोषणा गरेको छ, 25 मामिलाहरूमा 68 अभियुक्तहरूको सजायको साथ 100 प्रतिशत सजाय दर दावी गरेको छ। अधिकारीहरूले यस सफलताको श्रेय अनुसन्धान र सावधानीपूर्वक कानूनी रणनीतिहरूलाई दिएको छ।एजेन्सीले बताए अनुसार 2024 मा एनआईए द्वारा दर्ता गरिएका 80 मामिलाहरूमा कुल 210 अभियुक्तहरूलाई अपराधका प्रमुख श्रेणीहरूमा पक्राउ गरिएको थियो । यी मामिलाहरू मध्ये, वामपन्थी उग्रवाद र उत्तर पूर्व उग्रवाद क्रमशः 28 र 18 मामिलाहरूको साथ सूचीमा शीर्ष स्थानमा छन्। जम्मू-कश्मीर जिहादीका सात घटनाहरू पछि छवटा विस्फोटक पदार्थ र पाँच मानव तस्करीका घटनाहरू थिए। NIA ले अन्य चार जिहादी मुद्दाहरू, चार खालिस्तान र दुई ISIS मामिलाहरू र गैंगस्टर, साइबर आतंकवाद, नक्कली भारतीय नोटहरू र अन्य श्रेणीहरुमा एक-एक मुद्दा दर्ता गरेको छ। NIA ले बताए अनुसार 25 मामिलामा 68 आरोपीहरूलाई दोषी ठहराउनु बाहेक, 2024 को लागि यसको प्रभावशाली प्रदर्शन 408 अभियुक्तहरू विरुद्ध चार्जशीट दायर गर्नु हो।

****** ० ******

**मध्यप्रदेश दुर्घटना**

मध्यप्रदेशमा हिज दुई छुट्टाछुट्टै सडक दुर्घटनामा आठ जनाको मृत्यु भएको छ भने १४ जनाभन्दा बढी घाइते भएका छन् । खरगोनमा दुईवटा मोटरसाइकल ठोक्किँदा पाँच जनाको मृत्यु भएको छ । अर्को दुर्घटनामा उज्जैनमा पिकअप गाडी पल्टिँदा तीन जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

****** ० ******

**दिल्ली विश्वविद्यालय**

दिल्ली विश्वविद्यालयले शैक्षिक सत्र २०२४-२५ को लागि योग्यता वृद्धि योजना अन्तर्गत आवेदनहरू आमन्त्रित गरेको छ। यो योजनाले कुनै पनि उमेरका विद्यार्थीहरूलाई विश्वविद्यालयका विभागहरू र कलेजहरूद्वारा प्रस्तावित पाठ्यक्रमहरूमा नियमित विद्यार्थीहरूसँग अध्ययन गर्ने अवसर प्रदान गर्दछ।

****** ० ******

**हॉकी इंडिया लीग**

हक्की इण्डिया लिगमा हिज राउरकेलामा भएको खेलमा हैदरावाद तूफ़ानले दिल्ली एसजी पाइपर्सलाई शूट-आउटमा ५-४ गोल अन्तरले पराजित गर्दै बोनस अंक हासिल गरेको छ ।

****** ० ******